प्रतिदिन
१६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ७५ ॥ २०८१ वैशाख १० गते सोमबार (22nd Apr 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## सहकारीबाट ३० लाखबढी रकम चोर्ने ६ जना पक्राउ



झापा(प्रस)। झापा जिल्लाका विभिन्न १३ वटा सहकारी संस्थाबाट ३० लाखभन्दा बढी रकम चोरी गर्ने कार्यमा संलग्न ६ जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ। झापा जिल्लाका सहकारी संस्थाबाट विभिन्न मिति, समय र स्थानमा ३० लाख १६ हजार ६८७ रुपैयाँ चोरी गर्ने ६ जनालाई जिल्ला प्रहरी कार्यालयले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको समन्वय र जिल्ला प्रहरी कार्यालय सुन्सरीको सहकार्यमा बैशाख ७ गते इटहरीबाट पक्राउ गरेको थियो। पक्राउ पर्नेहरु मकवानपुर इन्द्रसरोवर गाउँपालिका वडा नं ५ फालेखका एउटै गाउँका हुन्। फालेखका ३० वर्षीय सोमलाल स्याङ्तान, सोही ठाउँका २१ वर्षीय सुनिल भन्ने सन्तबहादुर स्याङ्तान, २२ वर्षीय सुनिल स्याङ्तान,२५ वर्षीय बुद्ध स्याङ्तान,२८ वर्षीय अजय रानामगर र २६ वर्षीय सुजन स्याङ्तान पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए। उनीहरुको साथबाट दुईवटा मोटरसाइकल, घर फोड्ने विभिन्न औजारहरु, विभिन्न मोडलका मोबाइलहरु, मुख छोप्ने गम्छा, झोलालगायतका सामानहरु बरामद भएको डीएसपी चन्दले जानकारी दिए। पालैपालो गरेर उनीहरुले झापाका विभिन्न सहकारीहरुमा चोरी गरेका थिए। उनीहरुलाई आइतवार झापा जिल्ला अदालतबाट चोरी कसुरमा ५ दिन म्याद थप गरी अनुसन्धान जारी रहेको डीएसपी चन्दले बताए।

गत चैत २० गते राति गौरादह ५ मा रहेका तीन वटा सहकारी संस्थामा एकैरात चोरी भएको थियो। स्कुलचौन बजारमा रहेको जनहित सहकारी, महारानी झोडा बचत तथा ऋण सहकारीको चप्रामारी सेवाकेन्द्र तथा चप्रामारीकै साना किसान सहकारी संस्थाको कार्यालय तोडफोड गरि नगद चोरी भएको थियो। त्यसअघि गत चैत ५ गते राति गौरादह- ९ बैगुनधुरास्थित शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्थामा चोरी भएको थियो। त्यसको केही दिनअघि हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाको हल्दिवारीको मंगलवारेमा रहेको शाखामा चोरी गर्ने प्रयास भएको थियो। त्यस्तै कर्णाली बचत तथा ऋण सहकारी संस्था बिर्तामोड ४, साना किसान कृषि सहकारी संस्था हल्दिवारी ४, एकता बहुउद्देश्यीय सहकारी संस्था हल्दिबारीलगायतका संस्थामा चोरी र तोडफोडका घटना भएका थिए।

## बिर्तामोड उद्योग वाणिज्य संघको पद हस्तान्तरण



बिर्तामोड(प्रस)।बिर्तामोड उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिले आइतवारदेखि पदभार ग्रहण गरेको छ। अध्यक्षमा विजयी भएका राजु न्यौपाने नेतृत्वको कार्यसमितिले पदभार ग्रहण गरेको हो। २०८० फागुन १४ मा भएको निर्वाचनबाट न्यौपाने नेतृत्वको समिति निर्वाचित भएको थियो। संघका अध्यक्ष प्रकाश शिवाकोटीले नवनिर्वाचित अध्यक्ष न्यौपानेलाई पदभार सुम्पिएका हुन्।

अध्यक्ष न्यौपानेले निर्वाचित पदाधिकारी तथा सदस्यलाई पद तथा गोपनीयताको सपथ गराएका थिए। यसअघि निर्वाचन समितिका संयोजक नारायणप्रसाद पौडेलले अध्यक्ष न्यौपानेलाई सपथ गराएका थिए। नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कलाकार विल्सनविक्रम राई, सञ्चारकर्मी विष्णुकुल श्रेष्ठ, व्यवसायी कुमार निरौलालाई सम्मान गरिएको छ।

पद हस्तान्तरण कार्यक्रममा बोल्दै निवर्तमान अध्यक्ष शिवकोटीले आफूले कोरोनाको संक्रमणको अवस्थामा नेतृत्व लिएको र मानवीय सेवाका क्षेत्रमा धेरै काम गरेको बताए। उनले व्यवसायीको हितमा काम गर्दै पाँच लाख रुपैयाँको ब्यावसायिक राहत कोष स्थापना गरिएको बताए। कोरोना संक्रमणका समयमा ब्यवसायी तथा मजदुर हरुलाई कोरोनाविरुद्धको खोप अभियान सञ्चालन गर्नुका साथै वाणिज्य संघको गेट निर्माणलगायतका काम गरेको जानकारी दिए। उनले ब्यवसाय प्रवर्द्धनका लागि औद्योगिक कृषि पर्यटन महोत्सव सञ्चालन गर्नुका साथै बैंकको चर्को ब्याजदरविरुद्ध ब्यवसायीको पक्षमा आफू नेतृत्वको कार्यसमितिले आवाज उठाएको बताए।

कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष ढकालले १२ वटा बुँदामा कानुन संशोधन हुँदै गरेको भन्दै त्यो संशोधन भएपछि अहिले देखिएको ब्यवसायीको आर्थिक समस्या समाधान हुने विश्वास ब्यक्त गरे। उनले सरकारले निर्माण ब्यवसायीले पाउनुपर्ने रकम नदिएकाले समस्या भएको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गरे। निजी क्षेत्रलाई चलायमान बनाउन महासंघले विभिन्न पहलहरु गरिरहेको उनको भनाई थियो। ब्यवसायीको संरक्षण स्थानीय सरकारले गर्नुपर्ने भन्दै त्यसतर्फ लाग्न आग्रह गरे। उनले अहिले देशको अर्थतन्त्र धर्मराएको भन्दै निजी क्षेत्रको संरक्षणमा सरकारले चासो नदिएको भन्दै व्यवसाय प्रवर्द्धनमा ध्यान दिनुपर्ने विचार ब्यक्त गरे।

कार्यक्रममा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यहरु उमेश डालमिया, नरेन्द्रकुमार खड्का,सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपाल, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, मेची भन्सार प्रमुख रामप्रसाद रेग्मी, वडाध्यक्ष अग्नीप्रसाद पाण्डे,नेपाली कांग्रेसका उपसभापति केशवराज पाण्डे, एमालेका जिल्ला उपाध्यक्ष शिव ढुङ्गेल, राप्रपा अध्यक्ष केशव ओझा, चिया श्रमिक संघका केन्द्रीय अध्यक्ष दिपक तामाङ, अलैची ब्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईलगायतले बोलेका थिए। कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, सुरक्षा निकायका प्रमुख, विभिन्न संघ-संस्थाका प्रतिनिधिलगाायतको उपस्थिति रहेको थियो। पहिलो सत्रको कार्यक्रम निवर्तमान अध्यक्ष शिवाकोटीको अध्यक्षतामा भएको थियो भने दोस्रो सत्रको कार्यक्रम नवनिर्वाचित अध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको थियो। कार्यक्रममा निवर्तमान जनसम्पर्क उपाध्यक्ष नैनाकला भट्टराईले स्वागत गरेकी थिइन्। पहिलो सत्रको कार्यक्रमको सञ्चालन निवर्तमान महासचिव अर्जुन मैनालीले गरेका थिए भने दोस्रो सत्रको कार्यक्रम नवनिर्वाचित महासचिव कुशल खतिवडाले सञ्चालन गरेका थिए। सोही अवसरमा बिर्तामोड उद्योग वाणिज्य संघको नवनिर्मित प्रवेशद्वारको उद्घाटन गरिएको थियो।

## कारको ठक्करबाट बालकको मृत्यु



बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा कारको ठक्करबाट एक बालकको मृत्यु भएको छ। शनिवार राति १०.३० बजेको समयमा बिर्तामोडको मुक्तिचोकमा चारपानेबाट काँकडभिट्टातर्फ जाँदै गरेको प्र.- १००१.००२ च १९० नम्बरको कारले पैदलयात्री मेचीनगर नगरपालिका वडा नं. १२ बस्ने गोपाल रोकाका ११ वर्षीय छोरा सन्तोष रोकालाई

❖ बाँकी तेस्रो पृष्ठमा

## माबुमा बोलेरो दुर्घटनाः झापाका ६ जना घाइते



झापा(प्रस)। झापाको बिर्तामोडबाट यात्रु लिएर इलामको माबुतर्फ जाँदै गरेको बोलेरो दुर्घटना भएको छ। दुर्घटनामा ६ जना घाइते भएका छन्। घाइते हुनेहरु सबै झापाका रहेका छन्। आइतवार दिउँसो ३.२० बजेको समयमा इलाम सन्दकपुर गाउँपालिका ४ माबुमा इलामबाट माबुतर्फ जाँदै गरेको मे १ ज ३२५५ नम्बरको बोलेरो गाडी उकालोमा ब्रेक फेल भई दुर्घटना भएको हो। दुर्घटनामा परी निम्न व्यक्तिहरु घाइते भएका छन्।

१) झापा बिर्तामोड नगरपालिका ३ बस्ने अन्दाजी वर्ष ७२ का मिनबहादुर गुरुङको टाउकोमा चोट,अवस्था सामान्य

२) झापा शिवसतासी नगरपालिका ६ बस्ने अन्दाजी वर्ष ६५ की बिष्णुमाया गुरुङको दाहिने कुममा चोट, अवस्था

❖ बाँकी अन्तिम पृष्ठमा

## जिप दुर्घटनामा झापाका तीनसहित १४ जना घाइते



बिर्तामोड(प्रस)। ताप्लेजुङबाट झापा आउँदै गरेको जिप मेची राजमार्गको फिदिम-ताप्लेजुङ सडकखण्डमा दुर्घटना हुँदा झापाका तीनजनासहित १४ जना घाइते भएका छन्। पाँचथरको हिलिहाङ गाउँपालिका ७ स्थित सल्लेरीमा भएको दुर्घटनामा घाइतेमध्ये ७ जनाको अवस्था गम्भीर छ। उनीहरुलाई उपचारका लागि

❖ बाँकी तेस्रो पृष्ठमा

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरू संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

तालिमहरू : ( बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि )

| क्र.स. | संचालनमा रहेका तालिमहरू | अवधि |
| --- | --- | --- |
| १. | केयर गिभर (Care Giver) | ३९० घण्टा |
| २. | सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist) | ४२० घण्टा |
| ३. | परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker) | ३९० घण्टा |
| ४. | शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant) | ४९० घण्टा |



अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग। समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन। समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# पूर्वी नाकाबाट ८ करोडको जडीबुटी निर्यात

• लक्ष्मी उप्रेती



मेचीनगर । नेपाल प्रवेशको प्रमुख नाका मानिएको झापाको मेचीनगरस्थित काँकरभिट्टा नाकाबाट चालु आर्थिक वर्षको चैत मसान्तसम्म आठ करोडभन्दा बढी मूल्यको जडीबुटी निकासी भएको छ ।

भारतले विभिन्न बहानामा नेपालका कृषि तथा कृषिजन्य वस्तुको आयातमा समय समयमा अवरोध गरेपनि चालु आव २०८०/८१ को पहिलो नौ महिनामा आठ करोड ९७ लाख ६७ हजार रुपैयाँ मूल्य बराबरको तीन लाख ३३ हजार ६ सय ३२ किलोग्राम जडीबुटी निकासी भएको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी भन्सार अधिकृत गणपति कँडेलले जानकारी दिए । उनका अनुसार यो अवधिमा एक करोड ४२ लाख ५१ हजार रुपैयाँ बराबरको ८६ हजार किलोग्राम जडीबुटी बंगलादेश, छ करोड ४२ लाख ९१ हजार रुपैयाँ मूल्य बराबरको दुई लाख ४७ हजार ८२ किलोग्राम जडीबुटी भारत तथा एक करोड १२ लाख २५ हजार रुपैयाँ मूल्य बराबरको पाँच सय किलोग्राम जडीबुटी इटली निर्यात भएको हो ।

काँकरभिट्टा नाका भएर बंगलादेश, भारत, इटली र भियतनामलगायतका मुलुकमा नेपाली जडीबुटी निर्यात हुने गरेको छ । यो नाका भएर नेपालका पूर्वी पहाडी जिल्लामा उत्पादित जडीबुटी चिराइतो, मञ्जिथा, विशजारा, जट्टामसी, चुत्थ्रोजातका नेपाली जडीबुटी सबैभन्दा बढी निकासी भइरहेको छ । औषधी, साबुन, स्याम्पु जस्ता सामग्री बनाउन प्रयोग गरिने यी जडीबुटी भारतमा मात्र नभई बङ्गलादेशजस्ता तेस्रो मुलकमा पनि निर्यात भइरहेको व्यवसायीहरुको भनाई छ । चिराइतो इटली निर्यात हुन्छ ।

भन्सार स्रोतका अनुसार गत आर्थिक वर्ष २०७९/८० को सोहि अवधिमा यो नाका भएर तीन करोड ८६ लाख ३८ हजार रुपैयाँ मूल्य बराबरको २० लाख ८ हजार २ सय ६४ किलोग्राम नेपाली जडीबुटी निर्यात भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/०८० को को तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा पाँच करोड ११ लाख २९ रुपैयाँ बढीका एक लाख २५ हजार छ सय ६८ किलोग्राम नेपाली जडीबुडी निर्यात भएको सूचना अधिकृत कँडेलले जानकारी दिए ।

पछिल्लो समय बंगलादेशमा निकै नै नेपाली जडीबुटीको माग बढेको छ । माग बढेसँगै पूर्वीनाकाबाट जडीबुटी निर्यातमा समेत बृद्धि भएको भन्सार अधिकारीहरुको भनाई छ । अघिल्लो आर्थिक वर्षको पहिलो नौ महिनामा एक करोड १६ लाख ३८ हजार रुपैयाँ मूल्य बराबरको ६७ हजार दुई सय ४५ किलोग्राम जडीबुटी बंगलादेश, दुई करोड ५७ लाख ४४ हजार रुपैयाँ मूल्य बराबरका एक लाख ३५ हजार पाँच सय ४९ किलोग्राम जडीबुटी भारत र १२ लाख ५६ हजार रुपैयाँ मूल्य बराबरका पाँच हजार चार सय ७० किलोग्राम नेपाली जडीबुटी भियतनाम निर्यात भएको बताईएको छ ।

नेपालले जडीबुटी निकासीमा आन्तरिक तथा बाह्य क्षेत्रबाट झेल्नुपरेको अनेकौं कठिनाइका बाबजुद व्यवसायीले नौ महिनामा यति ठूलो परिमाणमा जडीबुटी निकासी गर्न सफल हुनु निकै सकारात्मक भएको बताएका छन् । विविध कारणले जडीबुटी निकासी हरेक वर्ष घट्दै गएपनि यो वर्षबाट पुनः उकालो लाग्ने संकेत मिलेको व्यवसायीहरुको भनाई छ । पूर्वी पहाडी जिल्लामा उत्पादन भएका जडीबुटीको भण्डारण र विदेश निर्यातका लागि काँकरभिट्टा नाका प्रमुख मानिन्छ ।

जडीबुटी निर्यात वापत निर्यातकर्ताले एकसय रुपैयाँ १३ रुपैयाँ राजस्व बुझाउनुपर्छ । नेपाल सरकारले नेपाली कृषि तथा कृषिजन्य वस्तुको निर्यात प्रवर्द्धनका लागि व्यवसायीहरुलाई सहुलियत दिएको भन्सार अधिकारीहरुको भनाई छ ।

# सातामै भत्कियो सैनिकमोड-सैनिकबजार सडक



बिर्तामोड(प्रस)। कालोपत्रे गरेको एक सातामै सैनिकमोड-सैनिकबजार सडक भत्किएको छ । ठेकेदारले गुणस्तरहीन सडक बनाइदिएको भन्दै उपभोक्ताहरु आक्रोशित भएका छन् । सैनिकमोडदेखि केही दक्षिणपट्टी ढुंगाना हार्डवेयर अगाडि कालोपत्रे सडक भत्किएको हो । जुन एक साताअगाडि निर्माण गरिएको थियो । ठेकेदारले गुणस्तरहीन सडक बनाइदिएकाले एक सातामै भत्किएको सतानु- सैनिकमोड टोल विकास संस्थाका अध्यक्ष चिरञ्जीवी ओलीले बताए । उनले त्यसबारे सडक डिभिजन कार्यालय दमकमा जानकारी गराइसकेको बताए । सो सडक खनाल शान्ति जेभीले निर्माण गरेको हो । सैनिकमोडदेखि ४ किलोमिटर दक्षिण सैनिकबजारसम्म ५ करोड २४ लाख ४१ हजार ३९५ रुपैयाँमा ठेक्का पाएको थियो । उपभोक्ताहरुको चर्को दबाबपछि सो सडक ठेकेदारले निर्माण गरेको थियो ।

## माबुमा..

सामान्य
३) बिर्तामोड नगरपालिका ३ बस्ने अन्दाजी बर्ष ५९ का ओमकुमार गुरुङको दाहिने कुममा चोट,अवस्था सामान्य
४) बिर्तामोड नगरपालिका ३ बस्ने अन्दाजी बर्ष ६० का तुलाराम गुरुङको ढाडमा चोट, अवस्था सामान्य
५) बिर्तामोड नगरपालिका ३ बस्ने अन्दाजी बर्ष ६२ की हर्कमाया गुरुङको टाउकोमा चोट ,अवस्था सामान्य
६) बिर्तामोड नगरपालिका १० बस्ने अन्दाजी बर्ष ४० की ज्ञानमाया गुरुङको ढाडमा चोट ,अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी प्रहरी निरीक्षक प्रकाश जवेगुले बताए ।

घाइतेहरुलाई बीएण्डसी हस्पिटल बिर्तामोड ल्याइएको छ । बोलेरोमा १० जना सवार रहेका थिए । घटनास्थलमा रहेको गाडी उठाउने पहल भइरहेको र चालक इलाम माईजोगमाई गाउँपालिका ६ बस्ने ३२ वर्षीय प्रेमबहादुर थापा घाईतेहरुको उपचारमा संलग्न रहेको प्रहरी निरीक्षक जवेगुले जानकारी दिए ।


# वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् । सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९


श्री भूमिसुधार मालपोत कार्यालय भद्रपुर, झापाबाट बालुवाडी वार्ड न. ६ वस्ने कपिलमणि घिमिरेको शेषपछिको हकदारहरुका नाउँमा जारी गरिएको

# नामसारी हक्दावी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना ।

झापा जिल्ला कचनकवल गाउँपालिका वडा नं. ७ बस्ने रामप्रसाद र हरिप्रसाद घिमिरेले हाम्रा बुबा कपिलमणि घिमिरेको २०८०/०३/१६ मा मृत्यु भएको र आमा लोकमाया बराल २०६२/१०/१३ देखि घरछाडी हालसम्म सम्पर्कमा नआएकोले मृतक बुबाका नजिकका हकदार हामी दुई भाई छोराहरू मात्र भएको हुँदा मृतक बुबा कपिलमणि घिमिरेको नाममा दर्ता रहेको बालुवाडी ६ सिट नं १८००८०२ कि नं ३२ ज. हे. ८४०.०० ब. मि. कि नं ४९ ज. हे. ६३१०.०० जग्गा हामी दुई भाई छोरा हरिप्रसाद घिमिरे र रामप्रसाद घिमिरे भएकोले उक्त माथि उल्लेखित जग्गा हाम्रो सम्युक्त नाउँमा नामसारी गरी पाउँ भनी झापा जिल्ला कचनकवल वार्ड न. ७ कार्यालयको च. नं ९१६ मिति २०८०/११/०१ को सिफारिस संलग्न राखी नामसारी माग राखेर यस कार्यालयमा निवेदन दर्ता गराई कार्वाही गरी माग्नु भएको हुँदा आवेदक बाहेक मृतकका नजिकका अन्य हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कसैको उजुरी नपरेमा निवेदकका नाउँमा नामसारी भई जाने छ र पछि कुनै किसिमको उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ । ईति सम्वत् २०८१ साल बैशाख ९ गते रोज १ शुभम् ।

# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०१।१०

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपसिलः

<table>
<tr><th>क्र.सं.</th><th colspan="3">ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण</th><th>कर्जा शिर्षक</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td rowspan="2">१</td><td colspan="3">**शखा कार्यालयः चारपाने**<br>**ऋणीः** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा मिति २०७५/११/०८ मा दर्ता नं. २०९१०१/०७५/०७६ अन्तरगत रजिष्टर्डदर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ स्थित **श्री के. आर. रियलस्टेट प्रा. लि.** ।<br>**संचालक/जमानीकर्ताः**<br>नाम : रविन्द्र न्यौपाने<br>बाबु : माधव प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना प्र नं : ०१२८८२३४९ (झापा)<br>ठेगानाः झापा जिल्ला, अनारमनी न.पा./गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने ।</td><td>चालुपुँजी कर्जा, डिमान्ड कर्जा</td><td>के.आर.रियलस्टेट प्रा.लि. को नाममा भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं. ८ स्थित कि.नं. १७०५ र १७०३ को क्षेत्रफल क्रमश: ४४६.०० र ४३४८.८५ (व.मी.) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम : अनुपमा खरेल<br>बाबु : होम प्रसाद खरेल<br>पति : रविन्द्र न्यौपाने<br>ना प्र नं : ०५१०६६/७५१४(मोरङ्ग)<br>ठेगानाःमोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ०४, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने ।</td><td>**संचालक/ जमानीकर्ताः**<br>नाम : कपिल न्यौपाने<br>बाबु : माधव प्रसाद न्यौपाने<br>बाजे : नन्दलाल न्यौपाने<br>ना प्र नं :०१२८८५(झापा)<br>ठेगानाझापा जिल्ला, अनारमनी न.पा./गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने ।</td><td colspan="3">**व्यक्तिगत जमानीकर्ता :**<br>नाम : विमला चुडाल न्यौपाने<br>बाबुः लक्ष्मी प्रसाद चुडाल<br>पति :कपिल न्यौपाने<br>ना प्र नं : ०१२८८६६० (झापा)<br>ठेगानाःझापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०३, बस्ने ।</td></tr>
<tr><th>क्र.सं.</th><th colspan="3">ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण</th><th>कर्जा शिर्षक</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td rowspan="2">२</td><td colspan="3">**शखा कार्यालयः दमक**<br>**ऋणीः** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग, घरेलु तथा साना उधोग भद्रपुर झापा मा मिति २०७६/७/२८ मा प्रा.फ.र.नं./दर्ता नं. ३६४/१२४६२ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला दमक न.पा वडा नं. ५ भै हाल सोही स्थान स्थित श्री प्रशंसा ट्रेडर्स का तर्फबाट ऐ. फर्मका प्रोपाईटर पशुपती राज गौतम को छोरी, जगदिश आचार्य को पत्नी, इन्द्र प्रसाद आचार्य को बुहारी नागरीकता बमोजिम झापा जिल्ला, दमक न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०५ बस्ने, मिति २०५२/१२/४ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएका ना.प्र.नं. २५१४ भएको वर्ष ४६ को श्रीमती **पवित्रा गौतम** ।</td><td>ब्यवसायीक आवधिक कर्जा</td><td>इन्द्र प्रसाद आचार्य को नाममा भुमि सुधार तथा व्यवस्थापन विभाग तथा मालपोत कार्यालय दमक झापा मा, दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ६, स्थित कि.नं. २००९८ को क्षेत्रफल ०-१-० बि.क.धु (३३८.५८ ब.मी) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td>**धितो जमानीकर्ता :**<br>नाम : इन्द्र प्रसाद आचार्य<br>बाबु : अविकेशर आचार्य<br>बाजे : धर्मानन्द आचार्य<br>ना.प्र.नं: ९७७३२४७९३ (झापा)<br>ठेगानाः झापा जिल्ला, तोपगाछि गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०५ बस्ने ।</td><td>**व्यक्तिगत जमानीकर्ताः**<br>नाम : सावित्रा देवी आचार्य<br>बाबु : तारानिधि बजगाई<br>पति : इन्द्र प्रसाद आचार्य<br>ना.प्र.नं : ९७७३२४०७६ (झापा)<br>ठेगानाः झापा जिल्ला तोपगाछि गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं. ०५ बस्ने ।</td><td colspan="3">**व्यक्तिगत जमानीकर्ता :**<br>नाम : जगदिश आचार्य<br>बाबु : इन्द्र प्रसाद आचार्य<br>पति : अविकेशर आचार्य<br>ना.प्र.नं : ९७७३२५२७४ (झापा)<br>ठेगानाः झापा जिल्ला धरमपुर गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा वडा नं. ०५ बस्ने ।</td></tr>
<tr><th>क्र.सं.</th><th colspan="3">ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण</th><th>कर्जा शिर्षक</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td rowspan="2">३</td><td colspan="3">**शखा कार्यालयः चारआली**<br>**ऋणीः** धाम प्रसाद अर्याल को नाति खड्ग प्रसाद अर्याल को छोरा, नागरिकता वमोजिम झापा जिल्ला शान्तिनगर गा.वि.स., वडा नं. ६,स्थायी ठेगाना भै हाल झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने मिति २०५९/०७/२९ मा जिल्ला प्रशासन कार्यालय,झापा बाट जारी गरिएको ना.प्र.प.नं. ८५७११४७० भएको बर्ष ३९ को श्री **हरि प्रसाद अर्याल** ।</td><td>ब्यक्तिगत ओभरड्राफ्ट कर्जा</td><td>हरि प्रसाद अर्याल को नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, बुधबारे गा.वि.स, वडा नं. ८ स्थित कि.नं. २२३७ को क्षेत्रफल ०-१-८ (वि.क.धु) र कि.नं. २२४० को क्षेत्रफल ०-३-१२ (वि.क.धु) भएको ,जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।</td></tr>
<tr><td>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम :- सृजना खड्का<br>बाबू :- हेम बहादुर खड्का<br>पति :- हरि प्रसाद अर्याल<br>ना.प्र.नं : ०४१००९/७३६<br>ठेगाना :- झापा जिल्ला खुदुनावारी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने ।</td><td>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम :- खड्ग प्रसाद अर्याल<br>बाबू :- धाम प्रसाद अर्याल<br>बाजे :- नन्दिकिशोर अर्याल<br>ना.प्र.नं : ०३ ७७८३/५५३<br>ठेगाना :- इलाम जिल्ला कोल्बुङ्ग गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने ।</td><td colspan="3">**व्यक्तिगत जमानीकर्ता :**<br>नाम :- नारदा देवी अर्याल<br>बाबू :- पदम प्रसाद निरौंला<br>पति :- खड्ग प्रसाद अर्याल<br>ना.प्र.नं : १०६५६/१९७९<br>ठेगाना :- इलाम जिल्ला कोल्बुङ्ग गाउपञ्चायत, वडा नं. १ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने ।</td></tr>
</table>

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नैतिकता पतन

कोशी र सुदूरपश्चिम प्रदेशको घटनाक्रमले नेपालका राजनीतिक दलहरू स्वार्थका लागि जुनसुकै तह र हदसम्म झर्न सक्छन् भन्ने देखाएको छ। यसले राजनीतिक दलहरूमाथि नैतिकताको प्रश्नमात्र खडा भएको छैन कि बरु अस्थिरता समेत बढाएको छ। यस्ता घटनाक्रमले राजनीतिक दलहरूमा सत्ता प्राप्तिको जोड-घटाउ त चलिरहला तर आमनागरिकले निराशा, अस्थिरता, नयाँ सरकार र नयाँ मन्त्रीको संख्यामात्र प्राप्त गर्नेछन्। संघीय सरकारमा नेकपा माओवादी केन्द्रले सुरु गरेको अस्थिरताको खेल सुदुरपश्चिममा पुग्दा नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टी मुख्य भूमिकामा देखिएका छन्। एकीकृत समाजवादीले प्रतिपक्षीसँगै मिलेर सत्ता पक्षलाई आफ्नो अडानमा सहमत हुन बाध्य बनाएको देखिन्छ। सत्ता गठबन्धनबाट बाहिरिने र प्रतिपक्षीसँग मिल्ने तहको भूमिकामा उत्रिन ऊ किन बाध्य भयो ? सत्ता गठबन्धनका प्रमुख दल र शीर्ष नेताहरूले सत्ता समीकरण मिलाउन उपयोगमात्र गरेको अनुभूति एकीकृत समाजवादीका प्रमुख नेताहरूलाई परेको छ। नागरिक उन्मुक्ति पार्टीमा समेत अनुशासन र आन्तरिक लोकतन्त्रको अवस्था कमजोर देखिएको छ। उक्त पार्टीभित्र बढेको विवादको बिउ अन्य दलमा पनि देखिएमा राजनीतिक अस्थिरता कुन तहसम्म अघि बढ्ला ?

संशय पैदा भएको छ। जुन घटनाक्रमले दलहरूको सत्ता लोलुपतालाई समेत उदांगो पारेको छ। यसले संघीय र प्रादेशिक सरकारको भविष्यसमेत अनिश्चित बनाएको छ। मुलुककै संघीय शासन प्रणालीमाथि थप निराशा बढाउने काम कोशी प्रदेशबाट सुरु भएको थियो। सुदुरपश्चिम पुगेको यो रोग क्रमशः अन्य प्रदेशमा पनि सर्ने जोखिम छ। देशको अर्थतन्त्रको आँकडा सरकारले सुधारोन्मुख देखाए पनि बजारको अवस्था जर्जर छ। बैंकमा भएको रकम बजारमा आउन सकेको छैन। बजार चलायमान छैन। कर्मचारीको तलबसम्म खुवाउन समेत ऋण उठाउनु परेको सरकारी ढुकुटीलाई मजबुत बनाउनु र अर्थतन्त्रको सुधार गर्दै विकासको गति अघि बढाउनु अहिलेको चुनौती हो। जसप्रति दल गम्भीर देखिँदैनन्, केवल स्वार्थमा होमिएका छन्। यसबीच खर्चको भारीको रूपमा आलोचित प्रदेश सरकारहरूलाई स्थिरता र विकासको बाहक बनाउनुपर्नेमा दलहरूले राजनीतिक स्वार्थकेन्द्रको भुमरी बनाउनु चाहिँ झनै बिडम्बनाको विषय हो। राजनीतिक दलहरूभित्र ऐक्ताबद्धता, नैतिकता र दलीय अनुशासन जस्ता विषय प्रश्नको घेरामा छन्। जनमतप्रति जवाफदेहीपूर्वक काम गर्ने र स्थिर सरकारमार्फत जनपक्षीय काम गर्न नागरिक तहबाट पनि खबरदारी जरुरी छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कानुन कार्यान्वयनका चुनौती



• खिमलाल देवकोटा

हिमालयको काखमा अवस्थित विविधतायुक्त राष्ट्र नेपालले विगत सात दशकभन्दा लामो संघर्षको दौरानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गरेको छ। संघीयता गणतन्त्रसहितको समृद्ध सांस्कृतिक सम्पदा र लोकतान्त्रिक प्रणालीका लागि विश्व रङ्गमञ्चमा विविधताको व्यवस्थापनका मामलामा नेपाल गर्व गर्छ । यद्यपि, धेरै विकासोन्मुख देश जस्तै, नेपाल पनि कानुनको प्रभावकारी कार्यान्वयनका चुनौतीको आहालमा डुबेको छ। क्रान्तिकारी राजनीतिक र कानुनी व्यवस्थामा परिवर्तनका बावजुद, मूर्त सामाजिक परिवर्तनमा कानुनको परिमार्जन र सोको प्रभावकारी कार्यान्वयन आजको चुनौती बनेको छ। यस आलेखमा नेपालमा कानुन कार्यान्वयनका जटिलता, मुख्य बाधा पहिचान गर्ने र कारबाहीयोग्य समाधान प्रस्ताव गर्नेबारे समीक्षा गर्ने प्रयत्न गरिएको छ।

### ऐतिहासिक सन्दर्भ

नेपालको कानुनी प्रणालीमा क्रान्तिकारी परिवर्तन र सुधार भएको छ। पुरातन हिन्दु विधिशास्त्रबाट प्रभावित कानुनी संहितादेखि नयाँ संविधान जारी हुँदासम्म देशले विभिन्न कानुनी प्रणाली र संरचनाको अभ्यास गरेको छ । यस क्रममा कैयौं कठिन र असाध्य सङ्क्रमण बेहोरेको छ । कानुनको मात्र अस्तित्वले तिनको कार्यान्वयनको ग्यारेन्टी गर्दैन भन्ने कुरा अनुभवसिद्ध प्रमाण सङ्कलित भएको छ। राजनीतिक अस्थिरता, कर्मचारीतन्त्रको असक्षमता र सामाजिक-आर्थिक असमानता जस्ता ऐतिहासिक कारकले कानुनको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएका छन् । यसका अतिरिक्त कानुन कार्यान्वयनमा चाहिने इच्छाशक्तिको सख्त अभाव ऐतिहासिक रूपमा प्राप्त विरासत बनेको छ।

कानुनको कार्यान्वयन

राजनीतिक अस्थिरता कानुन कार्यान्वयनको मुख्य चुनौती हो । सरकारको बारम्बार फेरबदलको प्रभाव नराम्ररी पर्न गएको छ। लगभग सँगसँगैजसो लोकतन्त्र प्राप्त गरेको दक्षिण छिमेकी मुलुक भारतमा आजसम्म जम्मा १८ औ संसद्को चुनावसँगै १८ औँ प्रधानमन्त्रीले शासन गर्दै छन् तर नेपालको सन्दर्भमा कुरा गर्दा गणतन्त्र प्राप्त गरेपछि अर्थात् २०६५ देखि हालसम्म जम्मा १५ वर्षको अवधिमा मात्रै १३ पटक प्रधानमन्त्रीको हेरफेर भएको छ। यस प्रकारको अस्थिरता कानुन कार्यान्वयनको मुख्य चुनौती हो । यो अस्थिरताले नीतिको निरन्तरतामा बाधा पुऱ्याउँछ र कानुन कार्यान्वयनलाई कमजोर बनाउँछ।

स्थायी सरकारका रूपमा मानिने कर्मचारीतन्त्र कानुन कार्यान्वयनको थप बाधक संस्था हो। अस्थिर राजनीतिको लाभ लिन खप्पिस कर्मचारी तन्त्र झन्झटिलो र लम्बेतान कार्यविधि र सामन्ती पृष्ठभूमिको संस्कार बोकेको जडतायुक्त कर्मचारीतन्त्र कानुन कार्यान्वयनको बाधक तत्व हो भन्ने कुरा कैयौं स्वतन्त्र अनुसन्धानले नै पुष्टि गरेका छन्।

भ्रष्टाचारका कारणले सहज कानुन कार्यान्वयन नगर्ने गर्न नदिने दुवै प्रवृत्ति हाबी छन् । भ्रष्टाचार नेपाली समाजको क्यान्सर भइसकेको छ यसको जालो राजनीतिदेखि न्यायालय र सुरक्षा अङ्ग कतै छाडेको छैन। भ्रष्ट आचरणले पक्षपात र पक्षपातले कानुनी शासनलाई कमजोर बनाउँछ, प्रणालीप्रति जनताको विश्वासलाई घटाउँछ । उच्च स्तरको भ्रष्टाचारले विदेशी लगानीलाई र आर्थिक विकास र समृद्धिमा बाधा पुऱ्याउँछ।

न्यायमा सीमित पहुँच कानुन कार्यान्वयनको अर्को बाधक पक्ष हो । न्यायका नौ सिङ भन्ने उखान चरितार्थ भएको नेपाली समाज सीमान्तकृत समुदायको न्यायमा पहुँचमा बाधा, भौगोलिक विकटता, भाषिक विविधता, र सचेतनाको कमीले कानुन कार्यान्वयनमा वाधा सिर्जना गर्छ । परिणामतः बलियो कानुनी बन्दोबस्त भए पनि कार्यान्वयन संयन्त्रसँग यसले सङ्घर्ष गरिरहेको छ । सीमित स्रोतसाधन कमजोर कार्यान्वयन संयन्त्र, अपर्याप्त प्रशिक्षण र प्रविधिले प्रभावकारी रूपमा कानुनको पालना गर्ने क्षमतामा बाधा पुऱ्याउँछ। यही बाधाका बिचमा कानुन प्रवर्तनमा राजनीतीकरणले उनीहरूको स्वायत्तता र निष्पक्षतामा सम्झौता गर्न बाध्य बनाउँछ।

प्रभावकारी कार्यान्वयनका लागि समाधान

संस्थागत क्षमताको सुदृढीकरण कानुन कार्यान्वयनको बाधा हटाउने पहिलो समाधानको बाटो हो । नेपालले कानुन कार्यान्वयन र न्याय प्रदान गर्न जिम्मेवार आफ्ना संस्थाको क्षमता विकास गर्न लगानी गर्नु पर्छ । यसमा कानुन कार्यान्वयन गर्ने कर्मचारीलाई तालिम प्रदान गर्ने, पूर्वाधारको आधुनिकीकरण गर्ने र कुशल सेवा प्रवाहका लागि प्रविधि-सक्षम समाधान अपनाउनै पर्छ। यसका साथै पारदर्शिता र जवाफदेहिता प्रवर्धन अनिवार्य सर्तमा पर्छ। भ्रष्टाचारविरुद्ध लड्न नेपालले सबै क्षेत्रमा पारदर्शिता र जवाफदेहिता संयन्त्रलाई सक्षम तुल्याउन जरुरी छ । सार्वजनिक अधिकारीहरूको सम्पत्ति सार्वजनिक गर्ने र तिनको जाँच गर्ने, भ्रष्टाचार विरोधी एजेन्सीहरूलाई सुदृढ पार्ने र इमानदारिताको संस्कृति प्रवर्धन गर्ने जस्ता उपाय लागु गर्नाले भ्रष्ट अभ्यासहरूलाई रोक्न मद्दत गर्न सक्छ तब मात्रै कानुनको प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्न सकिन्छ।

कानुनी सचेतना र शिक्षा अर्को समस्या हो। संविधान जारी भएको एक दशक पुग्न लाग्दै गर्दा अदालतले प्रत्येक घरधुरीका लागि एक प्रति संविधान निःशुल्क वितरण गर्नु भन्ने आदेश गर्न पर्ने तर त्यो आदेश कार्यान्वयन कहाँ पुग्यो भनेर जाँच गर्न कसैले नपर्ने, संविधानको बहस गर्ने तर संविधानको व्यवस्थामा टेकेर नगर्ने जस्ता समस्याको समाधान गर्न जरुरी छ। यसका लागि नागरिकलाई कानुनी ज्ञानको साथ सशक्तीकरण उनीहरूको अधिकार सुनिश्चित गर्न र कानुन पालनालाई बढावा दिनका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्छन्।

संघीयताको कार्यान्वयन सँगसँगै स्थानीय सरकारहरूलाई शक्तिको बाँडफाँट र सबलीकरण, असल कानुन प्रवर्तन र सेवा प्रवाहलाई सहज बनाउन सक्छ मद्दत गर्ने छ। स्थानीय सरकारको सुदृढीकरण, निर्णय प्रक्रियामा सामुदायिक सहभागिता प्रवर्धन र स्थानीय सरकारलाई पर्याप्त स्रोतसाधन विनियोजनले कानुन कार्यान्वयनको प्रभावकारिता बढाउन सक्छ।

न्यायिक क्षेत्रको सुधार र न्यायमा पहुँच अर्को समाधानको उपाय हो। न्यायपालिकाको सुधार कार्यदक्षता, पारदर्शिता र स्वतन्त्रतामा सुधार गर्नु अनिवार्य छ । कानुनी सहायता सेवाको पहुँच विस्तार गर्न, दुर्गम क्षेत्रमा घुम्ती अदालत स्थापना गर्न र वैकल्पिक विवाद समाधान संयन्त्रको प्रवर्धनले सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउन सक्छ।

अन्तर्राष्ट्रिय सहयोग र सहायताको प्रवर्धन कानुन कार्यान्वयनको प्रभावकारी उपाय हुन सक्छ। यसका लागि नेपालले न्यायिक प्रणालीलाई सुदृढ बनाउन अन्तर्राष्ट्रिय सहायतामार्फत फाइदा लिन सक्नु पर्छ। अन्तर ाष्ट्रिय संस्थाहरूसँग साझेदारी, प्राविधिक सहायता प्राप्त गर्न, र ज्ञान तथा अनुभव साटासाट गर्ने पहलकदमी लिन जरुरी छ जो कानुन कार्यान्वयनका प्रणालीगत चुनौती सम्बोधन गर्न मह□वका साधन हुन सक्छन्।

विश्वास आर्जन सर्वाधिक महत्वको चुनौती हो। आजको नेपाली समाजको मुख्य समस्या भनेको नै विश्वासको सङ्कट हो । संविधान र कानुनप्रतिको विश्वास, तिनले सिर्जना गरेका संस्थाका प्रतिको विश्वास साथ साथै ती संस्था सञ्चालनका लागि खटिएका अधिकारीप्रतिको विश्वास पूरै धर्मराएर गएको अवस्था छ । प्रणाली, संस्था र अधिकारी सबैप्रति एकसाथ अविश्वास चुलिँदै गर्दा अन्तर्राष्ट्रिय विश्वास आर्जन गर्ने कुनै सम्भावना रहन्न। विश्वासको सङ्कटको भुमरीमा कानुनको कार्यान्वयन असम्भव प्राय हुन्छ । यसै गरी कानुनको प्रभावकारी कार्यान्वयन गर्न सक्दा गुमेको विश्वास आर्जन गर्न र विश्वासको सङ्कटमोचन गर्न समेत सम्भव हुने छ। त्यसैले कानुनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता बन्नु पर्छ। समस्या छन् भने तिनको मूल कारण कानुनको प्रभावकारी कार्यान्वयनको अभाव भन्ने निष्कर्ष निस्कन्छ त्यसै गरी समस्याको समाधान पनि कानुनको प्रभावकारी कार्यान्वयनका कारणले भएको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।


**निष्कर्ष**

विधिको शासन कायम गर्न र सामाजिक आर्थिक विकासका लागि कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक छ। कानुन कार्यान्वयनमा अन्तर्निहित चुनौतीका लागि संस्थागत सुधार, भ्रष्टाचारविरोधी उपाय, कानुनी सशक्तीकरण र सङ्घीयकरणलाई समेट्ने बहुआयामिक दृष्टिकोण आवश्यक रहेको छ । यी चुनौती स्वीकार गर्दै समाधानका उपायको प्रभावकारी अवलम्बन नै कानुन कार्यान्वयनमा प्रभावकारिता थप गर्ने एक मात्र उपाय हो भन्न सकिन्छ । कानुनको प्रभावकारी कार्यान्वयन विना समाज रूपान्तरण, आर्थिक समृद्धि र शान्तिको परिकल्पना पनि गर्न सकिन्न भन्ने आत्मसातीकरण आजको आवश्यकता हो।

# सूचनामा महामारी !



• विधुप्रकाश कायस्थ



डिजिटल युगको पछिल्लो समय विभिन्न माध्यममा द्रुत रूपमा फैलिएका सम्प्रेषणले कृत्रिम जनमत निर्माण गरेका छन्। यस्ता सम्प्रेषणद्वारा सिर्जित सूचनाको महामारीलाई हालै निर्माण भएको अंग्रेजी भाष्यमा इन्फोडेमिक्स भन्ने गरेको छ। इन्फोडेमिक्सका कारण अन्यत्र जस्तै नेपाली समाजले पनि गलत सूचना र झुटा समाचार झेलिरहेछ। लोकतान्त्रिक प्रक्रियाहरूका लागि गलत सूचनाले गम्भीर चुनौतीहरू सिर्जना गरेको छ। यस लेखले नेपालमा सामाजिक र राजनीतिक मुद्दाहरूमा इन्फोडेमिक्सको प्रभावको विभिन्न पक्ष खोज्ने प्रयास गरेको छ।

इन्फोडेमिक्सका प्रमुख जटिलताहरू : सही र गलत सम्प्रेषणहरूको भेललाई इन्फोडेमिक्स भनिन्छ। यो भेलमा भरपर्दो स्रोतहरू र भरपर्दो मार्गदर्शन पाउन कठिन हुन्छ। नेपालको राजनीतिक परिदृश्यको सन्दर्भमा भ्रामक सामग्री सम्प्रेषण र हाकाहाकी गरिने गलत सूचना प्रवाहका अभियानहरूको व्यापक प्रसारको भएको पाइएको इन्फोडेमिक्सले प्रायः एकतर्फी कथ्यहरूलाई प्रस्तुत गरेर राजनीतिक विभाजनहरूलाई जटिल बनाएको छ। यो ध्रुवीकरणले नेपालमा रचनात्मक संवादमा निरन्तर बाधा पुऱ्याएको छ। पछिल्ला समयहरूमा नेपालमा निर्वाचन प्रक्रियाहरू सूचना-प्रविधिको बदनियतपूर्ण प्रयोगको चपेटामा परेका छन्।

निर्वाचन प्रक्रियाहरूमा जनमतलाई प्रभाव पार्ने भ्रामक सूचना प्रवाहका व्यापक अभियानहरू देखिएका छन्। गलत जानकारीको द्रुत प्रसारका लागि संवाहकको रूपमा फेसबुक, ट्विटर र युट्युब जस्ता सामाजिक सञ्जालहरूको गलत प्रयोग भएका छन्। यी सामाजिक सञ्जालमार्फत भ्रामक जानकारीहरू आमजनता माझ छिटो पुग्न सकिन्छ। सूचना-प्रविधिको गलत प्रयोगले नागरिकहरूमा भ्रम छरेर राजनीतिक नेता, दल र नीतिहरूप्रति सार्वजनिक धारणालाई विकृत गर्छ।

इन्फोडेमिक्सको परिणाम : नेपालमा राजनीतिक मुद्दाहरूमा इन्फोडेमिक्सको व्यापकताले धेरै हानिकारक परिणामहरू छन्। गलत सूचनाले लोकतान्त्रिक संस्थाहरूमाथिको विश्वास घटाउँछ। विधिको शासन र निर्वाचन प्रक्रियाको विश्वासनीयमा प्रश्न चिह्नहरू तेर्सिने अवस्था सिर्जना हुन्छ। सार्वजनिक प्राथमिकता र धारणाहरूलाई विकृत गर्ने बदनियतपूर्ण व्यापक गलत सूचना झेल्दै गर्दा निर्णयकर्ता (प्रभावित हुन सक्छन्। गलत जानकारीले सामाजिक अशान्तिलाई उक्साउन सक्छ र गलत सूचनाको आधारमा द्वन्द्वलाई बढाउँछ। सूचना-प्रविधिले दिगो विकास लक्ष्यहरूतर्फ नेपालको प्रगतिमा बाधा पुऱ्याउँदै महत्वपूर्ण विषयहरूबाट ध्यान हटाउँछ।

हाकाहाकी गलत सूचनाको प्रसार : नेपालमा राजनीतिक मुद्दाहरूमा सामाजिक सञ्जालको प्रभावको सबैभन्दा चिन्ताजनक पक्ष भनेको गलत सूचना र झूटा सम्प्रेषणहरूको द्रुत प्रसार हो। झूटा समाचार सम्प्रेषण, तोडमोड गरिएका चित्र र भ्रामक हेडलाइनहरू फेसबुक, ट्विटर र ह्वाट्सएप जस्ता प्लेटफर्महरूमा तुरुन्तै भाइरल हुन सक्छन्। यो गलत जानकारीले अक्सर जटिल राजनीतिक मुद्दाहरूको सार्वजनिक बुझाइलाई विकृत गर्छ।

नक्कली प्रोफाइल र बोट नेटवर्कहरूको प्रभाव : नक्कली प्रोफाइल र स्वचालित बट नेटवर्कहरूको उपस्थितिले सोसल मिडियाको गलत प्रयोगको समस्यालाई अझ जटील बनाउछ। निश्चित स्वार्थरहेको राजनीतिक सन्देशहरूको पहुँच र प्रभाव बढाउन पूर्वाग्रही सम्प्रेषणहरू विस्तार गर्न वा प्रचार फैलाउन सोशल मिडियाको प्रयोग भएको पाइन्छ। नेपालमा चुनाव र प्रमुख राजनीतिक घटनाक्रममा जनमतलाई प्रभावित गर्ने र छद्मभेषी अकाउन्टहरूको गतिविधि देखिएको छ। एकातिर कुनै व्यक्तिविशेषको देवत्वकरणका लागि छद्मभेषी अकाउन्टहरूको प्रचुरमात्रामा प्रयोग भएका छन् भने अर्कोतिर चरित्रहत्या निकृष्ट कार्यमा पनि यस्ता अकाउन्ट छन्।

लोकतान्त्रिक अभ्यासमा विश्वासनीयतामा ह्रास : सामाजिक सञ्जालमार्फत गलत सूचनाको फैलावटले स्वस्थ लोकतन्त्रका लागि महत्वपूर्ण हुने मिडिया र सरकारलगायत परम्परागत संस्थाहरूमाथिको विश्वास घटाउन सक्छ। नियमित रूपमा भ्रामक वा गलत जानकारीका लागि पर्दाफास हुँदा आमनागरिक निराश हुन सक्छन्। आधिकारिक स्रोतहरूमा शंका गर्न सक्छन्। सार्वजनिक विश्वास र जवाफदेहितामा भंग हुन सक्छ। इन्फोडेमिक्सलाई सम्बोधन गर्न रणनीतिहरू : राजनीतिक मुद्दाहरूमा इन्फोडेमिक्सको प्रवृत्तिलाई लड्न नेपालले निम्न रणनीतिहरू अपनाउन सकिन्छ :-

मिडिया साक्षरता प्रवर्द्धन : सूचनाका स्रोतहरूको आलोचनात्मक मूल्यांकन गर्न र सम्प्रेषित सामग्रीको तथ्य पत्ता लगाउन नागरिकलाई शिक्षित गर्ने।

सामाजिक मिडिया नियमन : गलत जानकारीविरुद्ध लड्न सोसल मिडियाको गलत सम्प्रेषण गर्नेलाई जवाफदेही राख्न नीतिहरूको कार्यान्वयन।

तथ्य जाँच : जानकारी प्रमाणित गर्न र झूटा दाबीहरू हटाउन स्वतन्त्र तथ्य जाँच गर्ने संस्थाहरूमा राज्यद्वारा लगानी।

नागरिक शिक्षाको सुदृढीकरण : सञ्चारमाध्यम साक्षरता र आलोचनात्मक सोच कौशललाई विद्यालयको पाठ्यक्रममा एकीकृत गर्दै युवा पुस्तालाई सचेत बनाउने।

पत्रकारिताको जवाफदेहितालाई प्रोत्साहन गर्ने : सटिकता र जवाफदेहितालाई प्राथमिकता दिने नैतिक पत्रकारिता अभ्यासहरूलाई सहयोग समर्थन गर्ने।

निष्कर्ष : हालैका वर्षहरूमा सामाजिक सञ्जालको वृद्धिले विश्वव्यापी रूपमा जानकारी गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन गरेको छ। अन्य देशहरू जस्तै नेपालले पनि राजनीतिको क्षेत्रमा सामाजिक सञ्जाल प्लेटफर्मको गहिरो प्रभाव देखेको छ। नागरिक संलग्नताका लागि सामाजिक सञ्जाल एक शक्तिशाली उपकरण साबित भएको छ। गलत सूचना र यसको अनियन्त्रित प्रसारले महत्वपूर्ण चुनौतीहरू खडा गरेको छ। यसले महत्वपूर्ण राजनीतिक मुद्दाहरूमा जनतालाई दिगभ्रमित गर्छ। अन्यत्र जस्तै नेपालमा पनि सामाजिक सञ्जालबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन गर्न शिक्षा, नियमन र प्राविधिक आविष्कारलाई संयोजन गर्ने बहुआयामिक दृष्टिकोण आवश्यक छ।

# मेचीनगरमा शतप्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाउने लक्ष्य

मेचीनगर(प्रस) । 'मेचीनगर नगरपालिकाको आव्हान, हात्तीपाइले रोगमुक्त नगर हाम्रो अभियान' भन्ने मुख्यः नारालाई सार्थक बनाउन नगरस्तरीय स्वास्थ्य शाखाले नगरका विभिन्न वडामा हात्तीपाइले रोग, यसबाट बच्ने उपाय तथा रोगका लक्षणलगायतका विविध विषयमा अन्तरक्रियालाई तीब्र पारेको छ । यही बैशाख १६ गतेबाट हात्तीपाईले रोग विरुद्धको औषधि सेवन अभियान शुरु हुँदैछ ।

मंगलबारबाट शुरु भएको हात्तीपाइले रोग विरुद्धको आम औषधि सेवन कार्यक्रम २०८०/०८१ नगरपालिका स्तरीय योजना तर्जुमा तथा बहुनिकाय गोष्ठीदेखि अहिले नगरभरिका स्वास्थ्य केन्द्रका प्रमुख र केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुबीच निरन्तर छलफल अन्तरक्रिया भईरहेको छ । अब नगरभित्रका शैक्षिक संस्थाका प्रधानध्यापक, त्यहाँ कार्यरत शिक्षकहरुसँग शाखाले छलफल गर्ने योजना छ । त्यसलगत्तै नगरका वडास्तरमा जनप्रतिनिधि, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख प्रतिनिधिहरुसँग समेत शाखाले अन्तरक्रिया र छलफल गर्ने स्वास्थ्य शाखा प्रमुख सविता सापकोटा निरौलाले जानकारी दिइन् । मेचीनगरभित्र रहेका ४२ वटा सामुदायिक विद्यालय, ५८ वटा निजी, एउटा मदरसा, तीनवटा गुरुकुल, एउटा इटाभट्टा र २० वटा विभिन्न कलकारखना रहेका छन् । त्यहाँ रहेका सवैलाई यो औषधि खुवाउने बताईएको छ ।



यही बैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधि तालिमप्राप्त स्वास्थ्यकर्मीहरुद्वारा खुवाइने अभियान सञ्चालन हुँदैछ । मेचीनगरमा अभियान सफल पार्न यतिखेर नगरको स्वास्थ्य शाखा सक्रियरुपमा लागि परेको शाखा प्रमुख सापकोटाले जानकारी दिइन् । नगर स्वास्थ्य शाखा प्रमुख सापकोटाका अनुसार गत आर्थिक वर्ष २०७८ /०७९ मा ७६ प्रतिशत र गत आर्थिक वर्ष २०७९/०८० मा ८१ प्रतिशत नगरवासीले यो औषधि सेवन गरेका थिए । नगरका १५ वटा वडामा सवैभन्दा बढी वडा नम्बर १४ का ९६ प्रतिशतले यो औषधि सेवन गरेका थिए । वडा नम्बर ६ मा ७१ प्रतिशतले मात्र गत वर्ष हात्तीपाइले रोग विरुद्धको औषधि सेवन गरेको अभिलेख छ । वडा नम्बर १ मा ८९ प्रतिशत, २ मा ८४ प्रतिशत, ३ मा ७९ प्रतिशत, ४ मा ७५ प्रतिशत, ७ मा ७० प्रतिशत, ८ मा ८७ प्रतिशत, ९ मा ७५ प्रतिशत, १० मा ७६ प्रतिशत, ११ मा ८६ प्रतिशत, १२ मा ८७ प्रतिशत, १३ मा ६८ प्रतिशत र १५ मा ८२ प्रतिशतलाई यो औषधि खुवाइएको थियो । यो अभियानअन्तर्गत नगरभित्रका शतप्रतिशत मानिसलाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अपेक्षा गरिएको छ । कम्तिमा कुल जनसंख्याको ९५ प्रतिशत मानिसलाई यो औषधि खुवाउन सके केही हदसम्म अभियान सफल भएको मानिने छ । हात्तीपाइले रोगको निवारणमा चुनौती र जोखिम भनेकै हात्तीपाइले रोग विरुद्धको औषधि प्रत्येक मानिसले सेवन नगर्नु र यसका विषयमा हुने अनर्गल प्रचार नै भएको स्वास्थ्य शाखाका सहसंयोजक पुजन अधिकारी बताउँछिन् । हात्तीपाइले रोगलाई हाम्रो समुदायबाट हटाउनका लागि यो औषधि सेवन गर्नु बाहेक अर्को विकल्प नरहेको यसको नियन्त्रण तथा रोकथामको पहिलो उपचार नै हरेक नागरिकले आफूले निर्धक्करुपमा औषधि सेवन गर्नु र अरुलाई पनि सेवन गराउनु पर्ने भएको उनको भनाई छ । हात्तीपाइले रोग विरुद्धको औषधि सेवन गर्ने अभियानक क्रममा नकारात्मक हल्लालाई कार्यक्रममार्फत सकरात्मक धारणामा परिवर्तन गर्न सकिने शाखा संयोजक सापकोटाले बताइन् । उनले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुलाई औषधि खुवाएर कार्यक्रमको शुभारम्भ गरिने जानकारी दिइन् ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हरेक वर्ष हात्तीपाइले रोग विरुद्धको औषधि खुवाउने अभियान सञ्चालन गर्दै आएको भएपनि सम्भ्रान्त र हुनेखाने परिवारका सदस्यले नै यो औषधि नखाइदिँदा रोग निवारणमा चुनौती छ । यस रोगको जीवाणु शरीरमा प्रवेश गरेको १० देखि १५ बर्ष पछि मात्रै यसका लक्षण देखिने भएकाले मानिसले औषधिलाई बेवास्ता गर्न नहुने सहसंयोजक अधिकारीको भनाई छ । दुइ वर्ष मुनिका बालबालिका, गर्भवती, सुत्केरी, दीर्घरोगी र अन्य रोगको औषधि खाइरहेका विरामीले हात्तीपाइले रोगको औषधि खान नहुने र अभियानमा खटिएका स्वास्थ्यकर्मी तथा स्वयम्सेविकाले पनि यस्ता व्यक्तिलाई औषधि सेवन गराउन नहुने भन्दैं उनले भनिन् 'हात्तीपाइले रोगको एउटै उपाय भनेको औषधि सेवन नै हो तर, यो औषधि खाना खाएको दुइ घण्टा भित्रमा सेवन गर्नुपर्छ ।'

# गुडिया बनाउने तालिम

बिर्तामोड(प्रस) । गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत बिर्तामोड नगरपालिकाले वडा नम्बर १ मा आयोजना गरेको गुडिया बनाउने तालिम सम्पन्न भएको छ ।

गत चैत १९ गतेदेखि सुरु भएको उक्त तालिममा वडाका १३ जना महिलाहरुले सहभागिता जनाएका थिए । तालिममा सहभागीहरुलाई आइतबार आयोजित एक संक्षिप्त कार्यक्रमका विच प्रमुख अतिथि वडा नम्बर १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले प्रमाणपत्र वितरण गरे । कार्यक्रममा बोल्दै वडाध्यक्ष पाण्डेले तालिममा सिकेको सिपलाई व्यवसायिक बनाउन आग्रह गरे । नगरपालिकाले महिलाहरुलाई आत्मनिर्भर बनाउन लघु उद्यम विकास कार्यक्रमअन्तर्गत गुडिया बनाउने, सिलाई बुनाई, ब्याग बनाउने, ढाका बुन्ने, बाख्रापालनलगायतका तालिम सन्चालन गरिरहेको उनले जानकारी दिए । बिर्तामोड नगरपालिकाले सिपमुलक तालिम प्रदान गरेका महिलाहरुको लागि लागत सहभागितामा आवश्यक मेशिनसमेत उपलब्ध गराउँदै आएको छ ।
तालिम समापन कार्यक्रममा वडा सचिब टिका अधिकारी, वडा सदस्य कमला महरा दर्जी , निवर्तमान वडा सदस्य प्रेम खरेलको पनि उपस्थिति रहेको थियो ।

सहभागीहरुले तालिम उपलव्धीमुलक बनेको प्रतिक्रिया दिएका छन् । उनीहरुले सिकेको सिपलाई सदुपयोग गर्नको लागि योजना बनाएर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे । गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सहजकर्ता चनिमाया तामाङले तालिम प्राप्तहरुलाई उद्यमी बनाउन नगरपालिकाले सहजीकरण गर्ने बताइन् । त्यसको लागि सबैजना सक्रियरुपमा अघि बढ्न सबैलाई आग्रह गरिन् । तालिममा मेनुका चाम्लिङले प्रशिक्षण दिएकी थिइन् ।

# बिर्तामोडमा देखा पर्यो चितुवा



बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा चितुवा देखा परेको छ । आइतवार साँझ करिव ७.४० बजेतिर बिर्तामोड ६ स्थित गिरीबन्धु चिया बगानमा चितुवा देखा परेको स्थानीय धनपति सत्यालले बताए । उनले आफू पूर्वीतिरबाट मोटरसाइकलमा आउँदै गर्दा राजमार्ग उत्तरबाट दक्षिणतर्फ बाटो क्रस गर्दै गरेको चितुवासंग झन्डै ठोक्किएको जानकारी दिए । उनका अनुसार सो चितुवा करिव तीन फुट अग्लो , पाँच फुट लम्बाईको रहेको छ । राजमार्ग दक्षिण चिया बगानभित्र गएको सो चितुवाबाट सतर्क गराउन आफूले प्रहरीलाई खबर गरिसकेको सत्यालले बताए । त्यसबारे बुझ्ने कार्य भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

# मोवाइल चार्ज गर्दा करेन्ट लागेर बालकको मृत्यु

झापा(प्रस)। तेह्रथुमको लालीगुराँस नगरपालिका-५ दागपामा मोवाइल चार्ज गर्दा करेन्ट लागेर बालकको मृत्यु भएको छ । शनिवार राति साढे ७ बजेको समयमा स्थानीय कालुबहादुर लिम्बूका ८ बर्षीय छोरा सुदिप लिम्बूलाई आफ्नै घरको



कोठामा मोवाइल चार्ज गर्ने क्रममा लाइनमा जोडेको मल्टिप्लक सर्ट भई करेन्ट लागेको थियो । करेन्ट लागेर घाईते भएका बालकलाई उपचारको लागि लाने क्रममा बाटोमा नै मृत्यु भएको हो । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

# कनकाई नहरमा डुबेर बालिकाको मृत्यु

झापा(प्रस)। झापाको कनकाई नहरमा डुबेर एक बालिकाको मृत्यु भएको छ । शिवसताक्षी नगरपालिका-७ स्थित कनकाई सिंचाई आयोजनाको नहरमा डुबेर स्थानीय राजवीर



ऋषिदेवकी १४ वर्षीया छोरी सन्जु ऋषिदेवको मृत्यु भएको हो । शनिबार दिउँसो ३ बजेको समयमा नहरमा नुहाउन गएकी बालिका अपराह्न ४ बजे नहरमा डुबेको अवस्थामा मृत फेला परेकी थिइन् । स्थानीयले घटनाबारे जानकारी गराउनासाथ इलाका प्रहरी कार्यालय शिवगञ्ज र इलाका प्रहरी कार्यालय झिलझिलेको प्रहरी टोली घटनास्थल पुगेका थिए । कानुनी प्रक्रिया पुरा गरी शवलाई पोस्टमार्टमको लागि दमक अस्पताल पठाएको र घटना सम्बन्धमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ ।

## कारको ..

ठक्कर दिएको थियो । टाउको र दुबै हात खुट्टामा चोट लागेर गंभीर घाईते भएका बालकलाई उपचारका लागि बीएण्डसी हस्पिटल लगिएकोमा उपचारको क्रममा आइतवार बिहान ३ बजे मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।
दुर्घटनापछि कार चालक मेचीनगर नगरपालिका वडा नं. १ बस्ने २६ वर्षीय रोनस परियारलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ । मृत्यु हुने रोका सडक बालक हुन् ।ती बालकलाई भारतको दार्जिलिङबाट उद्दार गरि परिवारलाई जिम्मा लगाइएको थियो । लामो समय परिवारबाट बिछोड भएको हुँदा घर बस्न नमानेर उनी बिर्तामोडको सडक किनार र खुल्ला आकाशलाई नै घर मानेर रमाउँदै आइरहेका थिए । उनलाई उद्धार गरि बालआश्रममा राखिएपनि त्यहाँबाट भाग्दै आउने र ऊजस्तै परिवारबिहीन बालकहरुसंगको कुलतमा फसेका थिए ।

## जिप...

झापा ल्याइएको प्रहरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी सुमित कुश्वाहाका अनुसार ताप्लेजुङदेखि झापा आउँदै गरेको मे. १ ज १९४७ नम्बरको जिप आइतबार बिहान दुर्घटनामा परेको थियो ।
जिप सडकदेखि ५० मिटर तल झरेको छ । दुर्घटनामा परेकामध्ये उदयपुरको त्रियुगा घर भएका चालक प्रविण दनुवार, ताप्लेजुङ मिक्वाखोला २ का चन्द्रप्रसाद थापा, झापा मेचीनगर-६ की बन्दना भण्डारी, उनका छोरा प्रसान सुवेदी र छोरी प्रसना सुवेदीलाई थप उपचारका लागि झापा ल्याइएको हो ।
त्यस्तै, ताप्लेजुङ फुङलिङ-३ की कमला रसाइली र उनका छोरी तुलसा रसाइलीलाई पाँचथर अस्पतालमा उपचार हुन नसकी झापा रेफर गरिएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । जिप अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

# रिमालको शप्तदश संस्कार महाकाव्यको विमोचन

भद्रपुर(प्रस)। महाकाव्यकार रघुनाथ राधाशरण रिमाल अपूर्णको शप्तदश संस्कार नामक महाकाव्य विमोचन भएको छ ।
लेखनाथ पुस्तकालय चन्द्रगढीको आयोजनामा भद्रपुर १० चन्द्रगढी स्थित दुर्गा पाञ्चायन मन्दिरको सभाहलमा कवि तथा हाँस्यव्यङ्यकार कोमलप्रसाद पोखरेलले महाकाव्यको विमोचन गरेका हुन् ।
पुस्तकालयका सभापति कृष्ण सुवेदी निराकारको सभापतित्वमा सम्पन्न कार्यक्रममा पुस्तकको समीक्षा गर्दै समालोचक जीवनाथ सुवेदीले कृति धार्मिक भावसहित समाजको चित्रण गर्दै नेपालको मौलिक कला र संस्कृतिको दस्तावेजको रूपमा आएको बताए । उनले सामान्यतया हिन्दू परम्पराले



१६ वटा संस्कार स्वीकार गरेको भएपनि कृतिकारले महाकाव्यभित्र छैठी संस्कारलाई जोडेर १७ औं संस्कारका रूपमा प्रयोग गरेको जानकारी दिए । समालोचक सुवेदीले महाकाव्यको नियमलाई पूर्ण पालना गर्न नसकेपनि कृतिले आधारभूत नियम पालना गर्दै आख्यान पक्ष दरिलो रूपमा उठाएको समेत स्पष्ट पारेका थिए ।
राधा रिमाल अधिकारीले सञ्चालन गरेको कार्यक्रममा भाषासेवी चुडामणि रेग्मी, भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्कीलगायतले मन्तव्य राख्दै नेपाली महाकाव्य जगतमा शप्तदश संस्कार कृतिले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका थिए ।
पुस्तकालयकी उपसभापति खगेन्द्रा खुसीले शब्दमार्फत तथा आराध्या अधिकारी र खुसी रिमालले गीतमार्फत स्वागत गरेको कार्यक्रममा मिना अधिकारी, डिल्लीराज नेपाललगायत विभिन्न कवि कवयित्रीहरूले महाकाव्यभित्रका काव्यिक श्लोकहरू वाचन गरेका थिए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
✤डा. मेची अञ्चल अस्पतालबाट
✤डा. भैरहवाबाट
✤डा. काठमान्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।